# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असार २४ गते, २०७७ साल (अतिरिक्ताङ्क ६

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको ऐन नं. ६

**<u>सडक निर्माण, मर्मत-संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**ः सडकको दिगो विकास गर्दै सर्वसाधारण नागरिकलाई छोटो, सुरक्षित, मितव्यायी र आरामदायी आवागमनको प्रत्याभूति गरी नागरिकको आर्थिक हित अभिवृद्धि गर्न तथा प्रादेशिक सडकको वर्गीकरण गरी तिनीहरुको निर्माण, विस्तार, मर्मत-संभार, पुनर्निर्माण एवम् दिगो वातावरणीय व्यवस्थापनबाट समग्र सडक सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "प्रदेश सडक ऐन,२०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**कार्यालय**" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहेको सडक पूर्वाधार विकास कार्यालय सम्झनु पर्छ ।

(ख) "**जग्गा**" भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, रुख इत्यादी र सो सँग स्थायी रुपले जोडिएको संरचना र वस्तुलाई समेत जनाउँछ ।

(ग) "**तराई क्षेत्र**" भन्नाले यस प्रदेश भित्रका चुरे पहाडभन्दा दक्षिणको समथर भू-भाग नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया एवम् दाङ्ग र देउखुरी उपत्यका क्षेत्रको भित्री मधेशको समथर भू-भाग सम्झनु पर्छ।

(घ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "**निर्देशनालय**" भन्नाले मन्त्रालय मातहत रहेको यातायात पूर्वाधार निर्देशनालय सम्झनु पर्छ ।

(च) "**प्रदेश सडक**" भन्नाले प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने सार्वजनिक सडक सम्झनु पर्छ।

(छ) "**प्रादेशिक लोकमार्ग**" भन्नाले राष्ट्रिय लोकमार्ग बाहेकका दुई वा दुई भन्दा बढी जिल्ला भएर जाने प्रदेशका प्रमुख सडक, छिमेकी प्रदेश जोड्ने प्रदेशका मुख्य सडक, राष्ट्रिय लोकमार्गबाट शुरु भई अर्को लोकमार्ग जोड्ने सडक, कुनै केन्द्रिय सडक संजालमा नपर्ने दुई जिल्लाका केन्द्र जोड्ने सडक, संघबाट हस्तान्तरित सहायक लोकमार्गहरु र प्रदेश सरकारले निर्णय गरेका प्रदेश गौरवका सडकहरु सम्झनु पर्छ ।

(ज) "**प्रादेशिक सडक**" भन्नाले प्रदेश भित्रका कम्तिमा स्थानीय तहको दुई केन्द्र जोड्ने सडक, एकै जिल्लाभित्र रहेका राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गदेखि कृषि, पर्यटन, उद्योग, व्यापार, खानी, बस्ती, जलाशय तथा प्रदेशका महत्त्वपूर्ण आयोजना स्थल जोड्ने सडक, राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गदेखि स्थानीय तहका केन्द्र जोड्ने सडक, अन्तर्राष्ट्रिय सिमाना तथा राष्ट्रिय लोकमार्ग जोड्ने सडकहरु र संघ वा प्रदेश सरकारका सरकारी निकायसम्म पहुँच पुऱ्याउने सडकहरु सम्झनु पर्छ ।

(झ) "**मन्त्रालय**" भन्नाले प्रदेश नं. ५ सरकारको सडक पूर्वाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "**सडक सिमा**" भन्नाले प्रदेश सडक र त्यस्तो सडकको केन्द्र देखि दुवैतर्फ रहेको जग्गाको दफा ३ बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ।

(ट) "**सार्वजनिक सडक**" भन्नाले निर्धारित सडक क्षेत्राधिकारभित्र प्राविधिक मापदण्ड पूरा गरी निर्माण गरिएको, सार्वजनिक रुपमा ढुवानी तथा यातायातका साधनहरु सञ्चालन गर्न सकिने बाटो, मार्ग वा पथ सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कजवे, कलभर्ट, साईकलमार्ग, फुटपाथ, मेडिएन तथा रोड फर्निचर्सलाई समेत जनाउँछ।

## परिच्छेद - २

## प्रदेश सडकको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्ति

३. **प्रदेश सडकको वर्गीकरणः** प्रदेश सडकको वर्गीकरण देहाय बमोजिम हुनेछः

### तराई क्षेत्रमा

| सडकको वर्ग | कुल सडक सीमा (सडकको केन्द्रबाट दुबैतर्फ) |
|---|---|
| (क) प्रादेशिक लोकमार्ग | २५ मिटर |
| (ख) प्रादेशिक सडक | १५ मिटर |

**पहाडी क्षेत्रमा**

| सडकको वर्ग | कुल सडक सीमा (सडकको केन्द्रबाट दुबैतर्फ) |
|---|---|
| (क) प्रादेशिक लोकमार्ग | १५ मिटर |
| (ख) प्रादेशिक सडक | १० मिटर |

तर एकै वर्गको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र बस्तीको कारण त्यस्तो सडक सीमा घटी वा बढी गर्न वा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली आवश्यक सीमा तोक्न सकिनेछ ।

४. **प्रदेश सडकको सीमाः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सडकलाई दफा ३ बमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्रीय रेखादेखि दायाँ बायाँ दुबैतर्फ तोकिएको दूरी कायम गरी सडक सीमा निर्धारण गर्नेछ ।

५. **जग्गा प्राप्त गर्न सकिनेः** सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा प्रदेश सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

६. **अस्थायी रुपमा जग्गा अधिग्रहण गर्न सकिनेः** (१) कुनै सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्ने काम पूरा नभएसम्म देहाएको कामका लागि मन्त्रालय वा निर्देशनालयले कुनै जग्गा अस्थायी रुपले अधिग्रहण गर्न सक्नेछः-

(क) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सर-सामान र उपकरण राख्न वा त्यस्तो निर्माण, विस्तार वा सुधार सम्बन्धी कार्यको

रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरु बस्ने घर वा टहरा बनाउन ।

(ख) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालु राख्न वा निर्माण पुरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन।

(२) उपदफा (१) मा उल्लिखित कामको लागि विशेष परिस्थिति परेमा बाहेक देहायको घर अधिग्रहण गर्न हुँदैनः-

(क) कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा भवन,

(ख) देवस्थल, स्कूल, अस्पताल, धर्मशाला, अनाथालय वा तिनीहरुको प्रयोगमा रहेको जग्गा।

(३) उपदफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, त्यस्तो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गाधनी वा निजको हकवालालाई सकेसम्म अधिग्रहण गर्दाकै अवस्थामा फिर्ता गर्नु पर्नेछ।

७. **अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारणः** (१) दफा ६ बमोजिम कुनै जग्गा अधिग्रहण गर्दा देहाय बमोजिमको क्षतिपूर्ति बाहेक अन्य कुनै क्षतिपूर्ति दिइने छैन :-

(क) कुनै घर, टहरा वा भवन सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा भवनको धनीले सो घर, टहरा वा भवन उपभोग गर्न नपाए बापतको क्षति।

(ख) कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो जग्गामा बालीनाली लगाउन नपाए बापत सम्बन्धित जग्गावालाले व्यहोर्नु परेको नोक्सानी बापतको क्षति।

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेका कारण सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण देहाय बमोजिम गरिनेछः-

(क) निर्देशनालय, कार्यालय वा निर्माण व्यवसायी र सम्बन्धित जग्गाधनीको बीच सम्झौता भएमा सोही बमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता नभएमा देहाय बमोजिमको समितिले निर्धारण गरेको क्षतिपूर्ति दिइनेछ।

(१) सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुख -संयोजक

(२) सम्बन्धित भूमि प्रशासन कार्यालयको प्रमुख वा प्रतिनिधि - सदस्य

(३) कार्यालयले तोकेको एकजना इन्जिनियर - सदस्य

(३) यस दफा बमोजिमको क्षतिपूर्ति बापतको रकम ठेक्का सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा सम्बन्धित निर्माण व्यवसायीले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-३

## सडक सुरक्षा

८. **स्थायी संरचना बनाउन निषेध गर्न सक्नेः** (१) दफा ३ बमोजिम सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनाराबाट ६/६ मिटरमा नबढ्ने गरी तोकेको क्षेत्रभित्र कसैले पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी संरचना (स्ट्रक्चर) वा भवन निर्माण गर्न नपाउने गरी निषेध गर्नेछ।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रभित्र कसैले कुनै किसिमको स्थायी संरचना वा भवन निर्माण गरेमा त्यस्तो संरचना वा भवन निर्देशनालय वा कार्यालयले भत्काउन सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश दिँदा पनि नभत्काएमा मन्त्रालय वा निर्देशनालय वा कार्यालयले आफै भत्काई, भत्काउँदा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट असुल उपर गर्नेछ।

९. **सडकको दायाँ, बायाँ र मेडिएनमा (बीचमा) रुख बिरुवा लगाउने र त्यसको रेखदेख**ः (१) प्रदेश सडकको दायाँ, बायाँ र मेडिएनमा सम्बन्धित आयोजनाले हरियाली प्रबर्द्धन गर्नुका साथै रुख बिरुवा लगाउनु पर्नेछ ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम लगाएका रुख बिरुवाहरुको रेखदेख र संरक्षण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम लगाइएको रुख बिरुवाको काँटछाँट गर्ने वा त्यस्तो रुख बिरुवाले आवागमनमा बाधा पुर्‍याएमा त्यसलाई हटाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) यस दफा बमोजिम रुख बिरुवा लगाउने र हरियाली प्रवर्धन गर्ने कार्य प्रदेश सडक आयोजनाको अभिन्न अङ्ग हुनेछ ।

१०. **भारवहन क्षमताको हद निर्धारण गर्ने:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै प्रदेश सडकले वहन गर्न सक्ने भारवहन क्षमताको आधारमा त्यस्तो प्रदेश सडकमा त्यसरी तोकिएको भारवहन क्षमताभन्दा बढी वजनको सवारी साधन चलाउन नपाउने गरी निषेध गर्नेछ ।

(२) प्रदेश सडकहरुमा कति भार क्षमताको सवारी साधन गुड्न मिल्ने हो सोको संकेत विभिन्न स्थानहरुमा राख्नुपर्नेछ।

(३) निर्धारण भएको भारवहन क्षमताभन्दा बढी वजन बोकेको सवारी साधन उक्त सडकमा चलाउन पाईने छैन ।

(४) उपदफा (३) बमोजिमको क्षमताभन्दा बढी वजन बोकेको सवारी साधन चलाएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

११. **आवागमनमा बाधा पुऱ्याउने माल वस्तु हटाउने अधिकार:** (१) कसैले प्रदेश सडकमा कुनै माल, वस्तु राख्न पाइँदैन तर कुनै माल, वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल, वस्तु हटाउनको निमित्त उचित अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा निर्देशनालय वा कार्यालयले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई कार्यालयले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै माल, वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो माल, वस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार कार्यालयलाई हुनेछ ।

(४) उपदफा (१) मा उल्लेखित माल, वस्तु बाहेक प्रदेश सडकको दायाँ बायाँ रहेको कुनै घर, पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै चीज, वस्तु, गेट, रुखको हाँगा, लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा म्याद तोकी कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेश गर्दा निर्देशनालय वा कार्यालयले सम्बन्धित चिज वस्तु वा गेटलाई राख्ने, बनाउने, जोड्ने ढाँचा र रुख वा लहरालाई काँट छाँट गरी कायम गर्नु पर्ने उचाई समेत तोक्न सक्नेछ ।

(६) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद थप गर्नु परेमा सम्बन्धित व्यक्तिले कारण समेत खोली कार्यालयमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा कार्यालयले एक पटकका लागि बढीमा १० दिनसम्मको म्याद थप गर्न सक्नेछ ।

(७) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (६) बमोजिम थप भएको म्यादभित्र पनि आदेशमा लेखिएको काम कारवाही

नगरेमा कार्यालयले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाही गराउन सक्नेछ ।

१२. **स्वीकृति नलिई प्रदेश सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुनेः** (१) निर्देशनालयको स्वीकृति प्राप्त नगरी कसैले प्रदेश सडकसँग जोडिने गरी प्रवेश मार्ग, सार्वजनिक सडक वा निजी सडक बनाउन हुँदैन।

**स्पष्टीकरण**ः यस उपदफाको प्रयोजनका लागि "निजी सडक" भन्नाले कुनै व्यक्तिको निजी स्वामित्वमा रहेको जग्गासम्म पुग्नका लागि निजले बनाएको सडक सम्झनु पर्छ ।

(२) सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दुरसंचारका केबल आदि टाङ्न वा बनिसकेका पक्कि सडकहरुको संरचना बिग्रने गरी खानेपानीको पाइप, विद्युत र टेलिफोनका तार पुर्न वा यस्तै अन्य कुनै कार्य गर्न हुँदैन ।

(३) कसैले निर्देशनालय वा कार्यालयको स्वीकृती प्राप्त नगरी उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा निर्देशनालयले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारवाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृती नलिई बनाएको प्रवेशमार्ग बन्द गर्न खनेको खाडल वा कुलो पुर्न, गाडेको वा उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन, बनाएका घर, टहरा, छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बँझ्याउन वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दुरसंचारका केबल आदि हटाउन वा बनिसकेका पक्कि सडकहरुको संरचना बिग्रने गरी खानेपानीको पाइप, विद्युत र टेलिफोनका

तार हटाउन म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(४) सम्बन्धित व्यक्तिले उपदफा (३) बमोजिम जारी भएको आदेश पालना नगरेमा निर्देशनालयले त्यस्तो व्यक्तिले बनाएको प्रवेशमार्ग बन्द गर्न खनेको खाडल वा कुलो पुर्न गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन, बनाएको घर, टहरा, छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बँझ्याउन वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दुरसंचारका टाङ्गिएका केबल वा बनिसकेका पक्कि सडकहरुको संरचना बिग्रने गरी राखिएका खानेपानीको पाइप, विद्युत र टेलिफोनका तार हटाउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्ति वा सम्बन्धित कार्यालयबाट निर्देशनालय वा कार्यालयले असुल उपर गरी लिन सक्नेछ।

(५) निर्देशनालयले समय समयमा उपदफा (१) बमोजिमका कृयाकलाप भए नभएको सम्बन्धमा अनुगमन गरी उपदफा (४) बमोजिमको काम कारवाही गर्ने, गराउनेछ ।

(६) कुनै सरकारी वा अर्ध सरकारी निकायले कुनै सार्वजनिक कामको लागि प्रदेश सडक वा सडक सीमा खन्नु पर्दा निर्देशनालयको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यसरी सडक वा सडक सीमा खन्ने सम्बन्धमा निर्देशनालय वा कार्यालयले तोकेको शर्त समेत पालना गर्नु पर्नेछ।

(७) प्रदेश सडक वा सडक सीमाभित्र घरपालुवा पशुपन्छी वा जनावर छाडा छाड्नु हुँदैन र कसैले यस दफा विपरीत घरपालुवा पशुपन्छी वा जनावर छाडा छाडेका कारण सवारी दुर्घटना हुन गई

त्यस्तो दुर्घटनाबाट पशुपन्छी वा जनावर घाईते भएमा वा मरेमा सवारी धनीले कुनै दायित्व वहन गर्नुपर्ने छैन ।

(८) सार्वजनिक सडकको अंगको रुपमा रहेको पीच, पुल, कजवे, कलभर्ट, साईकलमार्ग, फुटपाथ, मेडिएन र रोड फर्निचर्स लगायतका औजारहरु सहितका संरचनाहरुलाई कसैले भत्काउने, फुटाउने वा अन्य यस्तै प्रकृतिका कार्य गरी क्षति पुर्याउने कार्य गर्नु हुँदैन।

१३. **धरौटी दाखिला गराउने अधिकारः** (१) कुनै व्यक्तिले कुनै कामको निमित्त प्रदेश सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा निर्देशनालय वा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि माग गरेमा निर्देशनालय वा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्किने प्रदेश सडक वा सडक सीमालाई मर्मत गरी पूर्ववत रुपमा कायम गर्न लाग्ने खर्च बराबरको रकम धरौटी लिनेछ।

(३) उपदफा (२) बमोजिम धरौटी जम्मा गरेको प्रमाण पेश भएपछि निर्देशनालय वा कार्यालयले सडक वा सडक सीमा खन्न स्वीकृति दिनेछ ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिंदा त्यसरी सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरिका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरु निर्देशनालय वा कार्यालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरु पालना गर्नेछु भनी स्वीकृति माग गर्ने व्यक्तिलाई कबुलियत गराउन सक्नेछ ।

१४. **खर्च भराउन सक्नेः** (१) दफा ११ को उपदफा (३) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (७) बमोजिम कुनै कारवाही गर्दा निर्देशनालय वा कार्यालयले गरेको खर्चको रकम सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन निर्देशनालय वा कार्यालयले सरोकारवाला व्यक्तिको नाउँमा पन्ध्र दिनको म्याद तोकी सूचना जारी गर्नेछ र तोकिएको म्यादभित्र उक्त रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

(३) सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी छोडेको वा राखेको कुनै माल, वस्तुलाई कार्यालयले आफ्नो नियन्त्रणमा लिएको भए त्यस्तो माल पन्छ्याउँदा वा अन्यत्र लैजाँदा सो कार्यालयले व्यहोर्नु परेको खर्च असुल उपर नहुँन्जेल त्यस्तो माललाई रोक्का गरी राख्न सक्नेछ र तीन महिनासम्म पनि त्यस्तो खर्च असुल उपर हुन नआएमा वा त्यस्तो माल, वस्तुको मालिक पत्ता नलागेमा त्यस्तो माल वस्तु निर्देशनालयले जफत गरी लिलाम गर्न सक्नेछ ।

१५. **सडक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्नेः** (१) यस ऐनको दफा ३ बमोजिम सडक निर्माण गर्दा यातायात सञ्चालनलाई सुरक्षित बनाउन सडक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्नेछ ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनका लागि सडक सुरक्षाका उपाय भन्नाले भिर, पहरा, साँघुरो सडक र घुम्तिहरुमा सडक किनारामा सुरक्षा स्तम्भहरु बनाउन पुल, घुम्ति, दुर्घटना ग्रस्त क्षेत्र जस्ता स्थानहरुमा स्पष्ट देखिने र बुझिने संकेत चिन्हहरु राख्न साँघुरा मोडहरुमा कन्भेक्स ऐना र सडक बत्ती राख्न तथा आवश्यक स्थानहरुमा डिभाइडर, सडक

पेटी, अपाङ्गमैत्री संरचना र साइकल मार्ग आदि बनाउने कार्य सम्झनु पर्छ ।

(२) प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडक सुरक्षित र व्यवस्थित गर्ने उद्देश्यले प्रदेश सरकार र स्थानीय तहले आवश्यकतानुसार ठाउँ-ठाउँमा सीसी टिभी क्यामरा जडान गर्न सक्नेछन्।

१६. **सडक र सडक सीमाभित्र फोहरमैला गर्न नहुनेः** कुनै पनि व्यक्ति, संस्था वा निकायले प्रादेशिक लोकमार्ग वा प्रदेशिक सडक सीमा भित्र कुनै किसिमको फोहरमैला गर्नु हुँदैन।

## परिच्छेद -४
## दण्ड जरिवाना

१७. **जरिवाना**ः (१) दफा ६ बमोजिम जग्गा अधिग्रहण गर्दा वा यस ऐन बमोजिमको कुनै म्याद, सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा प्रचलित कानून बमोजिम सार्वजनिक अधिकारीको अख्तियारी अवज्ञा सम्बन्धी कसुरमा सजाय हुनेछ ।

(२) दफा ९ बमोजिम लगाएको रुख बिरुवा उखेलेमा वा काटेमा निर्देशनालयले कसुरको प्रकृति अनुसार पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) कसैले दफा १२ को उपदफा (१) विपरित कुनै काम गरेमा निर्देशनालयले त्यस्तो सडक भत्काई यथास्थितिमा ल्याउँदा लाग्ने

खर्च बापतको रकम वा पचास हजार मध्ये जुन बढि हुन्छ सो बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

(४) दफा १२ को उपदफा (३) बमोजिमको आदेशको पालना नगरेमा वा उपदफा (४) बमोजिम कुनै काम कारवाही गर्दा बाधा विरोध गरेमा त्यस्तो बाधा विरोध गर्ने व्यक्तिलाई निर्देशनालयले कसुरको प्रकृति अनुसार पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) दफा १६ बमोजिम फोहरमैला गर्ने व्यक्ति, संस्था वा निकायलाई निर्देशनालयले कसुरको प्रकृति अनुसार पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(६) दफा १२ को उपदफा (८) विपरीत कुनै काम गरेमा त्यस्तो काम गर्ने व्यक्तिलाई निर्देशनालयले कसुरको प्रकृति अनुसार पचास हजार रुपैयाँसम्म जरिवाना गरी भएको क्षतिपूर्ती भराउन सक्नेछ।

(७) यस दफा बमोजिम जरिवाना गर्ने अधिकार निर्देशनालयको प्रमुखलाई हुनेछ ।

(८) प्रमुखले गरेको निर्णय उपर चित्त नबुझेमा ३० दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्नेछ।

## परिच्छेद-५
## विविध

१८. **मर्मत-संभार कोषः** (१) प्रदेश सडकका नियमित मर्मत-संभारका लागि प्रदेश सरकारले एउटा मर्मत-संभार कोषको स्थापना गर्न सक्नेछ ।

(२) मर्मत-संभार कोषको स्थापना र संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **प्रदेश सडक छनौट गर्ने आधारः** कुनै सडकलाई प्रदेश सडकको रुपमा छनौट गर्न तोकिए बमोजिमको मापदण्ड वा आधार पूरा गरेको हुनुपर्नेछ।

२०. **निजी क्षेत्रलाई लगानीको अनुमति दिन सकिनेः** (१) प्रदेश सरकारले कुनै प्रदेश सडकलाई निजी क्षेत्रको लगानीमा निर्माण, संचालन, व्यवस्थापन र हस्तान्तरण गर्ने गरी अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रलाई लगानीको अनुमति दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **सहयोग गर्नुपर्नेः** यस ऐनको कार्यान्वयन गर्दा मन्त्रालय, निर्देशनालय वा कार्यालयले सहयोग माग गरेमा सम्बन्धित निकायले आवश्यक सहयोग गर्नुपर्नेछ।

२२. **निर्माण सुरु गर्नु अघि समन्वय गर्नुपर्नेः** प्रादेशिक लोकमार्ग वा प्रादेशिक सडकहरुको निर्माण गर्दा खानेपानी, ढल निकास, विद्युत, दुरसंञ्चार जस्ता निकायहरुसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

२३. **अधिकार प्रत्यायोजनः** (१) यस ऐन बमोजिम मन्त्रालय, निर्देशनालय वा कार्यालयलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार मन्त्रालय, निर्देशनालय वा कार्यालयले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जरिवाना गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन हुने छैन।

२४. **बचाउ**ः यो ऐन बन्नु अघि प्रचलित कानून बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२५. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

प्रमाणीकरण मितिः २०७७/०३/१६

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय